नेपाल सरकार

# गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

(योजना, अनुगमन तथा सम्पत्ति व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाडौं

**इलेक्ट्रोनिक्स सामग्रीहरु लिलाम विक्रीको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि २१ दिने सुचना ।**

प्रथम पटक प्रकाशित सूचना : २०८०।०३।१३ गते

सुचना नं.: इलेक्ट्रोनिक्स-०१-०७९/०८०

कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा १७ मा भएको व्यवस्था बमोजिम जिल्ला प्रशासन कार्यालय, भक्तपुरको मिति २०७९/०८/२० गतेको फैसला बमोजिम जफत ठहर भएका र विभागको मिति २०८०/०३/१२ को निर्णय बमोजिम इलेक्ट्रोनिक्स सामग्रीहरु **( कम्प्युटर, मनिटर, मोवाइल, CPU etc )** तपशील अनुसारको शर्तमा लिलाम बिक्री गर्न यो सिलवन्दी दरभाउपत्र प्रकाशन गरिएको छ ।

१. दरभाउपत्र सम्वन्धी कागजातहरु खरिद गर्न निवेदन साथ व्यक्ति भए नागरिकताको प्रतिलिपि र स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि र राष्ट्रिय बाणिज्य बैङ्कको कुनै पनि शाखा कार्यालयमा खातावालाको नाम को.ले.नि.का. सिंहदरवार, राजश्व खाता नं. १०००१००२०००१००००, राजश्व शिर्षक नं. १४२२९,**(अन्य प्रशासनीक शुल्क)** कार्यालय कोड ३१४०७३५०१ उल्लेख गरी फिर्ता नहुने गरी रु २,०००/- बराबरको राजश्व जम्मा गरेको सक्कलै भौचर संलग्न गरी मिति २०८०/०४/०२ गते कार्यालय समयभित्र यस विभागको जिन्सी शाखामा खरिद गर्न सकिनेछ ।

२. व्यक्ति र फर्म वा कम्पनीले आफुले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफुले कवोल गरेको अंक सहित सिलबन्दि दरभाउपत्र मिति २०८०/०४/०३ गते दिनको १२:०० बजे भित्र विभागमा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोपाईटर आफैंले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले प्रत्येक पृष्ठमा दस्तखत तथा छाप लगाई खाम बाहिर श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग, सिंहदरवार काठमाडौं र सूचना नं. उल्लेख गरि दर्ता गर्नुपर्नेछ ।

३. व्यक्ति र फर्म वा कम्पनीले ७,००,०००/- (अक्षरेपी रु सात लाख मात्र), को.ले.नि.का. सिंहदरवारको राष्ट्रिय बाणिज्य बैङ्कमा रहेको धरौटी खाता नं मा १९६०१००१०२०३००००, कार्यालय कोड ३१४०७३५०१ उल्लेख गरी जम्मा गरेको सक्कलै भौचर र व्यक्ति भए नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता

नेपाल सरकार

# गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

(योजना, अनुगमन तथा सम्पत्ति व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाडौं

भएको प्रमाणपत्र,गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि समेत सिलबन्दी दरभाउपत्र सहित पेश गर्नुपर्नेछ ।

४. आफुले कवोल गरेको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिइनेछ ।

५. लिलाम सकार गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंकका अतिरिक्त सवै प्रकारको कर तथा शुल्कहरु तिर्नु बुझाउनुपर्नेछ ।

६. विभागमा पेश हुन आएका सम्पुर्ण सिलबन्दी दरभाउपत्र मिति २०८०/०४/०३ गते दिनको २:०० बजे विभागमा सम्बन्धित व्यक्ति र फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रतिनिधिहरु अनुपस्थित भएमा सिलबन्दी दरभाउपत्र खोल्न विभागलाई कुनै बाधा पर्ने छैन ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागमा सुरक्षित रहनेछ । विभागले जुनसुकै बेला लिलाम प्रक्रिया अन्त गर्न सक्नेछ ।

८. सूचनामा उल्लेखित बाहेकका अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

९. व्यक्ति र कम्पनी वा फर्मले लिलाम बिक्री सामग्रीहरु सम्बन्धि केही बुझ्न वा सामग्रीहरु हेर्न चाहेमा विभाग आई आर्थिक प्रशासन वा जिन्सी शाखामा बुझ्न सकिनेछ ।